नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय,धनुषा

जनकपुरधाम

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha20@gmail.com
dhanushaavilekh@gmail.com

पत्र संख्या : ०८१/०८२ (प्रशा.)
चलानी नं.:

मिति:- २०८१/११/२७

## सूचना ।

पवित्र मिथिला अर्न्तगृही माध्यमिकी परिक्रमाको क्रममा मिथिला बिहारीजी र किशोरीजीको डोला जनकपुरधाम नगर क्षेत्रभित्र मिति २०८१/११/२९ गते आउने भएको हुँदा मिति २०८१/११/२८ गते राती १२:०० बजे देखि मिति २०८१/१२/०१ गते दिउँसो १२:०० बजेसम्मका लागि परिक्रमा र सोको वरिपरि क्षेत्रभित्र माँस/मदिरा विक्री वितरण र सेवन गर्न/गराउन निषेध गरिएकोले सोको पुर्ण परिपालना गरी सहयोग गरि दिनु हुन सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, धनुषा
जनकपुरधाम

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha20@gmail.com
dhanushaavilekh@gmail.com

पत्र संख्या : ०८१/०८२ (प्रशा.)
चलानी नं.:

मिति:- २०८१/११/२७

## सूचना ।

मिति २०८१/१२/०२ गते रंङ्गको पर्व (फागु पूर्णिमा) होलिको अवसरमा शुभकामना दिदै होलि मनाउने नाममा अवाञ्छित गतिविधि जस्तै जथाभावी रंग लगाउने, लोला हान्ने, मादक पदार्थ एवं अन्य नसालु पदार्थको सेवन गरी सार्वजनिक स्थलमा अश्लिल गीतहरु डि.जे. बाजा बजाई नाँच्ने, हो-हल्ला गर्ने, बाटोमा हिड्ने महिलाहरुलाई अभद्र व्यवहार गर्ने जस्ता क्रियाकलापहरु नगर्न/नगराउनका साथै होलि पर्वलाई सभ्य मर्यादित र हर्सोल्लास पुर्वक मनाउनका लागि सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको उल्लंघन गरेको पाइएमा प्रचलित कानून बमोजिम सुरक्षामा खटिएका सुरक्षाकर्मीले तत्काले कारवाही गर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०८१/११/२६
प्रमुख जिल्ला अधिकारी